पच्चय उद्देस निद्देस

पट्ठान पालि

अर्थ सहित

नेपाल भाषानुवादक

भिक्षु ज्ञानपुर्णिक महास्थविर

नेपाली भाषानुवादक

धर्मरत्न शाक्य "त्रिशूली"

प्रकाशक

भिक्षु जटिल

पच्चय उद्देस निद्देस

पट्ठान पालि

अर्थ सहित

नेपाल भाषानुवादक

भिक्षू ज्ञानपुर्णिक महास्थविर

नेपाली भाषानुवादक

धर्मरत्न शाक्य 'त्रिशूली'

बुद्ध सम्बत २५४१

नेपाल सम्बत १११७

विक्रम सम्बत २०५४

प्रकाशकः

भिक्षु जटिल

बुद्ध सम्बत २५४१

नेपाल सम्बत १११७

विक्रम सम्बत २०५४

इस्वी सम्बत १९९७

प्रथमबार १०००

मुद्रकः

बागमती छापाखाना

गाबहाल, ललितपुर ।

फोन नं. ५३३८४७



स्वर्गीय नारायण गोबिन्द श्रेष्ठ (लाखे)

जन्म : बि.सं. १९७५ आषाढ १७ गते

दिवंगत : बि.सं २००३ साल फाल्गुण कृष्णपक्ष षष्ठी तिथि

भूमिका

बौद्ध जगतमा अभिधर्मको आफ्नै अस्तित्व छ, महत्व पनि । यद्यपि यो कुनै कुनै तर्कवादी विद्वान भनिनेहरूको निम्ति पछि पछिको दार्शनिक उपजको रूपमा आलोचनाको विषयवस्तु भैरहेको छ । यसमा हामी त्यति अल्झिनु पर्ने आवश्यकता छैन ।

जुन धर्मको मौलिक सार यो जगतमा अहिलेसम्म विद्यमान छ, त्यसको खास विवरण अभिधर्मले जुन ढंगले गरिराख्यो शायद त्यो अन्त पनि उपलब्ध हुन सक्छ भन्ने सम्भव छैन । यस्तो ज्ञानको दर्शन र दिग्दर्शन गर्न सक्ने ज्ञानको भण्डार अभिधर्मको उपज सम्यक्सम्बुद्धको जस्तो मस्तिस्क विना अरूले गर्न सकिन्छ भन्नु सूर्यको अगाडि जुनकिरीको प्रशंसा गर्नु वाहेक अरू के हुनसक्छ !

तसर्थ बुद्धको उपदेशको यथार्थतालाई जस्ताको तस्तै दर्शाउने यो उपदेश सरल सजिलोसंग बुझ्नु भन्नु साधारण कुरा होइन । मात्र श्रुतमय र चिन्तामय ज्ञानले यो स्तरमा पुग्नु कपोल कल्पना मात्र हुन्छ । जति जति मानिसहरूमा भावनामय ज्ञान वृद्धि हुँदैजान्छ त्यति त्यति नै अभिधर्म उपदेश गहकिलो हुँदै जाने हुनाले बुद्ध वचन अनुसार यो "अतर्कावचर" विषय हो । दुर्दर्शनीय हो । दुर्बोध्य हो । शान्त हो । प्रणीत हो । गम्भीर हो । शूक्ष्म हो । अनुभवी पण्डित वेदनीय हो ।

यो उपदेश प्रादुर्भाव कहिले कसरि भयो भन्ने विषयमा संक्षिप्तमा विवरण दिन उपयुक्त सम्झन्छु ।

पट्ठान देशना प्रभावकारी छ भन्ने कुरालाई परिचर्चा गरी स्पष्ट रूपले दर्शाउनुको निम्ति-----

१) शूक्ष्म प्रणीत भएर विशाल गम्भीर भैरहेको ।

२) प्रभावशाली देव ब्रह्माहरूले आदर गौरव राखेको उपदेश भैरहेको र

३) बुद्धशासन प्रतिष्ठित गराईराख्न प्रमुख गर्छ भैरहेको । यी तीन कारणलाई पृष्ठभूमी तुल्याई पालि, अर्थकथा, टीकाको आधारमा केही कुरा उल्लेख गर्न योग्य सम्झन्छु ।

१) शूक्ष्म प्रणीत विशाल गम्भीर देशना:--

पट्ठान देशना शूक्ष्म प्रणीत विशाल गम्भीर देशना हो । साँच्चै हो, पट्ठान देशनामा जान्न र देख्न सजिलो नभएको दुष्कर भएको चित्त, चैतसिक, रूप, निर्वाण, स्कन्ध, आयतन, धातु, सत्य, हेतु, ध्यानाङ्ग, मार्गाङ्ग आदि परमार्थ धर्म देशना गरिराखेको हुनाले यो शूक्ष्म प्रणीत देशना हो ।

यसमा यी परमार्थ धर्महरूलाई परस्परमा कारण कार्यको रूपमा सम्वन्धित भएर अवस्थित भैरहेको उल्लेख गरी दर्शाईराखेको हुनाले यो गम्भीर हो ।

यी कारण कार्यको रूपमा सम्वन्धित भएर अवस्थित भैरहेको धर्महरूलाई कसरी कुन प्रकारले अवस्थित भैरहेको छ भन्नेलाई आदि अन्त र अथाह रूपमा विभिन्न विधि नाना नय द्वारा स्पष्टिकरण दिएर देखाईराखेको हुनाले यो अथाह हो, विशाल हो ।

यसरी शूक्ष्म प्रणीत भएर गम्भीर र विशाल भएको उपदेश हुनाले यो देशमा प्रभावकारी भैरहेको हो । यो उद्धरण साँच्चैको भैरहेको कुरा उनी तथागतको जीवनी घटना एउटा अघिसारेर नमूनाको रूपमा प्रस्तुत गर्न चाहन्छु ।

उनी तथागत पञ्चमारलाई हटाएर अनुपम बुद्ध हुनु भैसकेपछि २२ सौं दिनमा बोधिवृक्षको पश्चिमोत्तर तर्फ चौठो सप्ताह भैरहेको रत्नाघर चैत्यमा विराजमान भै रहनुभयो । त्यसबेला नै सातवटा अभिधर्मको प्रत्यवेक्षण गर्नुभयो । क्रमश: वहाँले धम्मसंगणी, विभंग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु र यमकलाई क्रमश: परामर्श गर्नुभएको अवस्थामा विशेष अद्‌भुत घटना कुनै पनि प्रकट भएन । परन्तु अन्तिम पट्‌ठानलाई परामर्श गर्नुभएको वेलामा भने वहाँको शरीरबाट छ:वर्ण रश्मि प्रादुर्भाव भएर दाँया, वाँया, तल, माथी, तेर्सो १० वटा दिशामा पनि अपरिमाण रूपले निर्विघ्न प्रभाशित भयो ।

यसरी छ:वर्ण रश्मि अपरिमाण रूपले आदि अन्त नहुने गरी उत्पन्न भएर प्रभाशित भएको उनी तथागतको अनन्त भाग्य प्रादुर्भाव भएको नै भयो । अनन्त भाग्य उत्पन्न भएको कारण आदि अन्त नहुनेगरी जान्न देख्न सकिने सर्वज्ञता ज्ञानले शूक्ष्म प्रणीत गम्भीर अपरिमाण विशाल भएको अनन्त नय समन्त पट्‌ठानको आरम्मण गर्न पाएकोले प्रसन्न प्रफुल्लित हुनुभएकोले हो ।

सर्वज्ञता ज्ञान प्रसन्न र प्रफुल्लित भएको अवस्थामा ज्ञानको साथ साथै सम्प्रयुक्त चित्त चैतसिक धर्महरू पनि

प्रसन्न प्रफुल्लित भयो । सर्वज्ञता ज्ञानसंग नै सम्प्रयुक्त चित्त चैतसिक धर्मको आधार हृदयवस्तु भनिएको मुटुको रक्त संचालन पनि प्रसन्न र प्रज्वलित भएर आयो । हृदयवस्तु रक्ततन्तुसंग सम्बन्धित भएको मासु, रगत, हाड, छाला, नसा पाँच इन्द्रिय अरू अरू चित्तज, कर्मज, आहारज, ऋतुज रूपधर्महरू पनि प्रसन्न र प्रज्वलित भएर आई छ:वर्ण रश्मि चम्केर अनन्त चक्रवालमा अपरिमाण रूपले द्रुतगतिले फैलिएर गयो ।

यहाँ सर्वज्ञता ज्ञानले अन्य धर्मलाई परामर्शन गर्नुभएको अवस्थामा सम्म कुनै विशेषता थिएन, परन्तु जब पट्ठानलाई परामर्श गर्नुभो तब मात्र विशेष रूपले छ:वर्ण रश्मि प्रादुर्भाव भएको पट्ठान देशना प्रभावकारी भएकोले नै भयो ।

अरहन्त बनाउन सकिने पट्ठान:---

उर्वरा शक्ति बढी भएको भूमीमा बीज अनुसार फूल वृक्ष फलफूल राम्रो हुने र वृद्धि हुने जस्तै पट्ठान आरम्मणमा पुगेर प्रकृति ज्ञान प्रज्ञा श्रद्धा चेतनाले फल दिने महान र पवित्र हुने कुरालाई महागतिगमिय तिष्यदत्त स्थविरको नमूना द्वारा स्पष्ट गराउँछु-- लंकाद्वीप निवासी महा गतिगमिय तिष्यदत्त स्थविर महाबोधि दर्शन गर्ने कामनाले लंकाद्वीपबाट जम्बुद्वीपमा जहाजबाट आइरहनु भएको थियो ।

समुद्रपार गर्दागर्दै वार पार नदेखिने ठूला साना पानीको तरङ्ग उथल पुथल हुनेगरी छालको रूपमा यताबाट उता उताबाट यता पानीको फोहराझैं बनी चलायमान भैरहेको

अवस्थामा "यो समुद्रको फाटमा भएको पानीको तरङ्ग नै विशाल हुन्छ कि पट्ठान देशनामा भएको विभिन्न नय नै धेरै विशाल र व्यापक हुन्छ" भनी विचार गर्नु भएको वेलामा "समुद्रको फाट तलतिर हेर्‍यो भने घन पृथ्वी, माथीतिर अजटाकाश; दाँया बाँया अरूतिर चक्रवालको पर्खालले गर्दा परिमाण भएको भयो । पट्ठान देशना त विभिन्न नयहरू संमिश्रण भएर अन्त नै नदेखिने गरी अति नै विस्तृत र व्यापक भएको रहेछ" भनि निश्चित रूपले जानी देखी सकेपछि पट्ठान देशनामा श्रद्धा र विश्वास उत्पन्न भएर आयो ।

त्यसरी श्रद्धा र विश्वास उत्पन्न भएर आएको बखतमा हर्षित हुने सौमनस्य, मनपर्दो हुने प्रीति, रमाउने प्रमुदितता एकपछि अर्को खपाखप् उत्पन्न भएर आई सोही धर्मलाई आधार गरी विपश्यना ज्ञान वृद्धि गरी एउटै आसनमा क्लेश क्षय भई अरहन्त हुनुभयो । (अट्ठ.१२)

यस घटनामा अरहन्त भएको फल अपरिमित भएको महान फल हो । यसरी महत्फल प्राप्त भएको शूक्ष्म गम्भीर विशाल प्रणीत भएको पट्ठान देशनामा प्रसन्न भएको चेतना श्रद्धा धर्मको कारणले नै हो ।

२) प्रभावशाली देव ब्रह्माहरूको गौरवनीय धर्मः----

भगवान बुद्धले सातौं वर्षावास अधिष्ठान गर्नुहुने आषाढ पूर्णिमाको दिन श्रावस्तीको आसपासमा कण्डम्ब आँपको रूखमुनि पाल्नुभई तीर्थंकरहरूलाई दमन गर्नुको निमित्त पानी र आगो एकेक जोडा छोडने यमक प्रातिहार्य देखाउनुभयो ।

त्यसपछि उनी श्रमण ब्राह्मण गृहस्थ सबैले दर्शन गर्दा गर्दै नै त्रायत्रिंश देवलोकमा तीन पाइला चालेर देवराज इन्द्र वस्ने पारिजात वृक्षमूलमा बिछ्याइराखेको पण्डुकम्वल शीलासनमा पलेटिमारेर बस्नुभई आमा बनेर आएका देवपुत्र प्रमुख दशहज्जार चक्रवालबाट समागम हुन आएका देव ब्रह्माहरूलाई अभिधर्म देशना ब्याख्यान गर्नु भएको हो ।

वर्षा तीन महिना सम्म अभिधर्म देशना ब्याख्यागर्नुभै आश्वीन पूर्णिमाको दिन अभिधर्म देशनाको अन्तिम भैरहेको पट्ठान देशनाको अन्तमा दशहज्जार चक्रवालबाट समागम हुन आएका ८०.००.००.००० देव ब्रह्माहरूले धर्म जानेर मुक्ति लाभ गरे ।

धर्म जानेर मुक्ति लाभगर्ने भनेको विशिष्ठ धर्मलाई जानेर अरहन्त भएका भन्ने अभिप्राय हो । सामान्य धर्मलाई जानेर कल्याण पृथग्जन भएका, श्रोतापन्न भएका, सकृदागामी भएका, अनागामी भएका, तल तलका मार्ग फल प्राप्त भएका देव ब्रह्माहरूको गिन्ति नै थिएन ।

अवश्य पनि हो । अपदान अर्थकथामा:-------

पहिले पहिलेका तथागतहरूको परम्परा र आचार गोचर अनुसार त्रायत्रिश देवलोकमा पाल्नुभई वर्षावास बस्नुभई वर्षा तीन महिना अटूट अविरल अभिधर्म देशना गर्नुभई मातृ देवपुत्र प्रमुख धेरै नै देव ब्रह्माहरूलाई श्रोतापन्न मार्ग प्राप्त गराउनुभई पाल्नु भएको छ भनी उल्लेख गरीराखेका छन् ।

यसरी धम्मपद अर्थकथामा अभिधर्म देशना सुन्न पाउँदा देव ब्रह्माहरू ८० करोड अरहन्त फलमा प्रतिष्ठित

भएको देखाई अपदान अर्थकथामा मातृदेव प्रमुख धेरै नै देव ब्रह्माहरू श्रोतापत्ति मार्ग प्राप्त भएको देखाइराखेको हुनाले अभिधर्म देशना सुन्न पाउँदा त्यस अवस्थाका देव ब्रह्माहरू ८० कोटि अरहन्त भएर अनगिन्ति रूपले श्रोतापन्न, सकृदागामी, अनागामी भएको कुरा स्पष्ट भएको छ ।

अभिधर्म सातवटा ग्रन्थ मध्ये अनन्त नयले सिंगारिएको पट्ठान देशना सुन्न पाउँदा विशिष्ट धर्म प्राप्त भएर गएका पट्ठान परिपद देव ब्रह्माहरू अरू अरू उपदेश सुन्न पाएर विशिष्ट धर्म लाभ गरी आर्य भएका देव ब्रह्माहरू भन्दा बढि हुन्छ भन्ने निसन्देह सिद्ध हुन आउँछ ।

यस प्रकारले दुष्परिणामलाई रोकेर सुपरिणामलाई प्राप्त गराउने कारणले गर्दा पट्ठान देशना प्रभावशाली छ भनी पहिलेदेखि लिएर आजसम्म पनि परम्परागत आस्था र विश्वास भैरहेको छ ।

३) बुद्धशासन स्थितिको निम्ति प्रमुख गढः-------

विश्वमा एक देशको सुरक्षाको निम्ति शत्रु क्षेत्रको नगिचै भएको आफ्नो देशको भित्र प्रमुख गढ (किल्ला) एउटा जहिले पनि निर्माण गरिराख्ने हुन्छ । प्रमुख गढ ध्वस्त भएर शत्रु सैन्यहरू देश भित्र पस्न सकियो भने मनले चाहेजस्तै उपद्रव मचाएर ध्वस्त नस्त पारी सम्पूर्ण देश अधिनमा गराउन सकिन्छ ।

पछि त्यसको शैन्यशक्ति वलियो तुल्याई फेरी प्रत्याक्रमण गरेर लिन सके पनि आफ्नो देश भित्र युद्धक्षेत्र तुल्याई धेरै धेरै नै हानी हुने गराईरहनुपर्ने हुन्छ ।

तसर्थ एउटा देशको सुरक्षा स्थिरगर्न प्रमुखगढ आवश्यक छ । यो कारणलाई जान्ने राष्ट्प्रेमीहरूले प्रमुख गढ दृढ र शक्तिशाली तुल्याइराख्न अनुबल दिएर रक्षा गरिरहने हुन्छ ।

यो बुद्धशासनमा पट्ठान देशना प्रमुख अगुवा गढ हो । स्पष्टिकरणको निम्ति अलि विस्तृत गर्दछु -------

तथागत शासन लोप हुने अवस्थाको शुरुआतमा कुन प्रकारले लोपहुन्छ भन्ने कुरा पाथिक वर्ग अर्थकथामा निम्न अनुसार देखाईराखेको छ------ परियत्तिशासन, प्रतिपत्तिशासन र प्रतिबेधशासन भनिएका तीनवटा शासन मध्ये परियत्तिशासन पहिले लोप हुन्छ ।

परियत्तिशासनमा पनि सूत्र, विनय र अभिधर्मपिटक भनिएका तीनथरी मध्ये अभिधर्मपिटक पहिले लोप हुन्छ । धम्मसंगणी आदि ७ वटा ग्रन्थ मध्ये पनि पट्ठान ग्रन्थ पहिले लोप हुन्छ । त्यसपछि मात्र तलैदेखि क्रमशः ग्रन्थहरू लोप हुने हुन्छ । त्यसपछि सूत्र त्यसपछि विनय ग्रन्थ क्रमशः लोप हुन्छ । परियत्तिशासन लोप भैसकेपछि प्रतिपत्तिशासन र प्रतिबेधशासन दुईवटा लोप हुन्छ भनी उल्लेख गरिराखेका छन् ।

यी शासन लोप हुने विधि क्रम देखाईराखेकोमा सवभन्दा शिर्षभागमा पट्ठान देशना देखि लोप हुने कुरालाई विशेप होश गर्नु उचित छ । यस्तो भयोभने पट्ठान देशना

शासनिक क्षेत्रमा प्रमुख अगुवा गढ भएर रहने भयो । शासन लोप नगराउनुको निम्ति पट्ठान देशना स्थिर र वृद्धि गराईराख्न सुरक्षा गरीराख्नु पर्‍यो । रेखदेख गरिराख्नु पर्ने भयो । अनुबल प्रदान गरिराख्नु पर्ने भयो ।

पट्ठान देशना लोप भयोभने अरू अरू उपदेश पनि लहरै नै लोप भएर जानेछ । त्यसकारण शासन स्थितिको निम्ति प्रमुख अगुवा गढ भैरहेको पट्ठान देशना स्थिर र अभिवृद्धि हुनुलाई सुरक्षा प्रदान गर्ने कार्य गर्दै लैजानु शासनप्रेमीहरूको कर्तव्य भयो ।

यसरि पट्ठान गम्भीर भएको कुरा संक्षिप्त रूपले उल्लेखगरेको छु । आशा छ पाठकवर्ग यो पुस्तक पढेर पट्ठानको केही महत्व बुझेर लाभान्वित हुनुहुनेछ ।

विश्वशान्ति विहार
मीनभवन नयां बानेश्वर
फोन नं. ४८२९८४

भिक्षु ज्ञानपुर्णिक
महास्थविर

स्वर्गीय नारायण गोबिन्द श्रेष्ठ (लाखे) को

संक्षिप्त परिचय

स्वर्गीय श्री नारायण गोविन्द श्रेष्ठ (लाखे) मोरङ्ग जिल्ला प्रगण्डा केली विजयपुर निवासी स्वर्गीय जुजुवर सिंह (लाखे)को नाति तथा स्वर्गीय लक्ष्मीकुमारी श्रेष्ठ र कृष्णमान श्रेष्ठको सुपुत्र हुनुहुन्छ । उहांको जन्म महाभारत पहाड श्रृंखलाको काखमा अवस्थीत रमणीय स्थल धरान पुरानो वजार हाल त्रिभुवन पथ वार्ड नं.२ मा विक्रम सम्बत १९७५ साल आपाढ १७ गतेका दिन भएको थियो । उहांका दुई दाज्यू हरिगोविन्द श्रेष्ठ, र भजगोबिन्द श्रेष्ठ, भाई भागवतगोविन्द श्रेष्ठ अनि तीन दीदीहरूमा सुभद्रा देवी, जोगमाया देवी, चंदकुमारी श्रेष्ठ र बहिनी गंगा देबी र अम्विका देवी श्रेष्ठ हुनुहुन्छ ।

त्यतिवेला धरानमा विद्यालय थिएन । मध्यम कृपक परिवारका हुनाले घरगै शिक्षक राखी आमा बुवाले नै शिक्षा दिई आवश्यकतानुसार साधारण संस्कृत, नेपाली, अंग्रेजी, हिन्दी अनि हिसाव तथा व्यावहारीक ज्ञान दिलाइएको थियो । वाल्यकाल घरमै साधारण किसिमले वित्यो । सानै उमेरदेखी मिलनसार, मृदुभापी, परिश्रमी तथा लगनशील हुनु भएको कारणले बुवा कृष्णमानले आफ्नो काम काजको रेखदेख विस्तारै सवै जिम्मा दिनुभयो ।

वुवा कृष्णमान आध्यात्मिक तथा धार्मिक स्वभाव भएकोले नै हाल भानुचोक दक्षिण पच्छिममा लक्ष्मीनारायणको मन्दिर निर्माण गरी त्यसको संचालन गर्न घर र १८ विगाहा खेतको गुठी राखी आवश्यक व्यवस्थागरी शुद्ध धार्मीक साधु जस्वन बिताउनु भयो । आफ्नो आमा बुवा र धार्मीक वातावरण र संस्कारको कारणले गर्दा शील स्वभाव र चरित्र

निर्माणमा ठूलो असर परेको थियो । सात्वीक स्वभाव, विनम्रता र सहनशीलताले गर्दा उहांको काम गर्ने शैली पनि फरक थियो ।

विक्रम सम्बत १९९३ साल फागुण २२ गते धरानका प्रसिद्ध व्यक्ति सु.रत्नप्रसाद श्रेष्ठकी जेष्ठ सुपुत्री विष्णुदेवी श्रेष्ठसंग उनको शुभ विवाह सम्पन्न भयो । त्यस बखत धरान चन्द्रपुर बजार पूर्वाञ्चलको पहाड तथा मदेस जोडने व्यापारको मुख्य ढोकाको रूपमा थियो ।

आफ्नो बुवाको खेतीपाती तथा व्यापारको रेखदेख गर्ने जिम्माबाट काम शुरू गर्दै लग्यो पछि ज्यादै मिहेनति र लगनशील भएको कारणले पैतृक सम्पत्तिमा क्रमश: बृद्धि हुदै गयो । बर्षेपिछे बिकास र उन्नति गर्दै लैजांदा विभिन्न ठाउंहरूमा नयाँ खेतीहरू किन्नु भयो । यही कारण धुलाबारीमा मात्रै ३५० बिगाहा जमीन किन्न सफल हुनुभयो । त्यसबेलाको चलन अनुसार घरमा घोडा र हात्ति पनि थियो ।

१९९४ सालमा कलकत्ताबाट मोटरबाट चल्ने सनसाइकल धरानमा पहिलो पटक उहांले कुदाउनुभएको थियो। त्यसबेलाका मानिसहरू अझ पनि सनसाइकल र त्यसका घटनाहरूको स्मरण बयान गर्दछन् । पटक पटक कलकत्ता जांदा ल्याइएका विभिन्न अंग्रेजी लुगाफाटा र अन्य प्रयोगका वस्तुहरू अझै पनि छन् । दुईनाले र एकनाले बन्दुकहरू पनि थियो जुन २००७ सालको सशस्त्र क्रान्तिमा प्रयोग गर्न सापति लगेको आज सम्म पनि फिर्ता आएन । उहाँ विभिन्न विषयमा रूची राखी त्यसको अध्ययन तथा प्रयोग गर्नु हुन्थ्यो । आमा बुवा सन्त प्रकृतिको हुनुहुंदा उहाँ सानै देखि सात्वीक र धार्मिक मनोबृत्तिका हुनुहुन्थ्यो । सधै काममा

व्यस्त हुने भएकोले आफ्नो स्वास्थ्यको पनि ख्याल गर्नुहुन्नथ्यो । त्यसैले जीवनको केही वर्षहरूमा नै सकृय भै धेरै काम गरी उन्नति गर्नुभयो ।

उहाँ आफ्नो परिवारमा मात्र होइन समाजको लागी पनि केही गर्नुपर्छ भन्ने धारणा सधैं राखेर काम गर्नुहुन्थ्यो । घर टोल र गाउँहरूमा पनि कसैलाई नबिकाई सबैलाई राम्रो गर्ने गरेकोले बेला बेलामा पुराना मानिसहरू उहांका विभिन्न कृयाकलापहरूको स्मरण गर्ने गर्दछन् ।

मदेशमा औलो लाग्दथ्यो । आफ्नो कार्यक्षेत्र मदेश नै भएकोले सधैं त्यहिं बसी काम गर्नु हुन्थ्यो, मलेरिया लागी नै रहन्थ्यो तर उहाँ पर्वाह गर्नुहुन्नथ्यो । आफ्नो जीवन कालमा उत्साह, उमङ्ग र इच्छा हुंदा हुदै पनि विशेष उल्लेखनीय काम गर्न नपाउदै सवैलाई मनपराएर कालले पनि २८ वर्षको पूवा अवस्थामै दिवंगत हुनुभयो ।

हाम्रा मुमा विष्णुदेवी श्रेष्ठले पनि आफ्नो स्वामीको सत्संग, सुसंस्कार र प्रेरणा पाएर नै विभिन्न सामाजिक, राजनैतिक, शैक्षिक तथा धार्मीक कृयाकलापहरूमा आफुले सकेको योगदान सकृय रूपमा गर्दै हुनुहुन्छ । अहिले पनि यो वुद्धधर्मको अमूल्य ग्रन्थ पट्ठान पुस्तक आफ्ना दिवंगत स्वामीको पुण्यस्मृतिमा प्रकाश गरी धर्मदान गर्नु भएको छ । यो पुण्यको प्रभावले हाम्रा दिवंगत बाजे बज्यै बुवा लगायत सम्पूर्ण परिवार लाई सद्धर्मको द्वार खुलाभै निर्वाण लाभ हुने हेतु वनोस् । सवैलाई कल्याण हवोस् ।

नातीः- संजयगोबिन्द श्रेष्ठ
उज्वलगोबिन्द श्रेष्ठ
(धरान)

छोराः- श्यामगोबिन्द श्रेष्ठ
बुहारीः- रेवा श्रेष्ठ

दुई शब्द

स्थविरवाद पालि वाङ्मय अनुसार बुद्ध-धर्ममा ८४.००० धर्मस्कन्ध छन् । ती धर्मस्कन्ध सबै त्रिपिटक अर्थात सूत्रपिटक, विनयपिटक र अभिधर्मपिटक नामको तीन पिटकमा संग्रह भैराखेका छन् । त्यसमध्ये पठानदेशना अभिधर्मपिटकको सात भाग मध्ये अन्तिम भागमा पर्दछ । यो अति गम्भीर एवं महत्वपूर्ण छ । यसरी गम्भीर भएर नै यसलाई जोसुकैले बुझ्न नसकिने र हामीकहाँ बुझाई दिने गुरूहरू पनि निकै कम् हुनाले यो विषय हाम्रोनिम्ति उपेक्षित भैरहेको हो । हुनत यसलाई पाठ गर्ने चलन नभएको होइन, विहार विहारमा र पूज्य बुद्धघोष महास्थविरकहाँ सम्पर्क भएका उपासक उपासिकाहरूले पनि यसलाई पाठ गर्ने गरेकाछन् । ध्यान-गुरू कल्याणमित्र सत्यनारायण गोयन्काज्यूबाट पनि यसको पारायण हुन्छ । तैपनि यसमा के छ ? यसले के के दर्शाईदिन्छ भन्ने कुरा हामीमा अनभिज्ञ नै थियो ।

जब २०४४ सालमा पूज्य ज्ञानपूर्णिक भन्तेको तर्फबाट नेपाल भाषामा यसको शाब्दिक अर्थ र यी प्रत्ययहरूको वर्णन अर्थात कुन कुन धर्मले कुन प्रत्यय शक्तिद्वारा कुन कुन धर्मलाई उपकार गर्ने हुन्छ भन्ने विषय खोलेर पुस्तक निकाल्नु भयो, त्यसबेला यो पट्ठानदेशनालाई उपासक उपासिकाहरूले चाहना गरी अध्ययनको निम्ति जिज्ञासा राखेको पाइयो ।

यही क्रममा वर्माबाट आउनु भएका नेपाली मूल हुनुभएका जटिल भिक्षुले आफ्ना स्वजातीहरू तथा नेपालका जनजातीहरूलाई प्रतित्य समुत्पाद धर्म व्याख्यान गर्दै बुद्धधर्मको

मर्म बुझाउने क्रममा त्रिरत्न वन्दना, परित्राण, प्रतीत्य समुत्पाद धर्मको धातुचक्रलाई देशना गर्दै प्रकाश गरीसकेपछि पट्ठानलाई पनि नेपाली भाषामा अर्थ सहित प्रकाश गर्ने इच्छा गर्नु भएको हुनाले वहाँकै इच्छा अनुसार पहिले पूज्य बुद्धघोष महास्थविरज्यूबाट अनुवाद गरी प्रकाश गर्नुभएको परित्राण को शब्दार्थ सहित अनुवाद गरी प्रकाश गरीसकेपछि फेरी यो पूज्य ज्ञानपूर्णिक महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गरी प्रकाश गर्नुभएको "पच्चय उद्देस निद्देस पट्ठान पालि" पुस्तकलाई उहाँसंग अनुमति लिएर नेपाली भाषामा अनुवाद गरेको हो । यसलाई वहाँले आफ्नो अस्वस्थतालाई समेत पर्वाह नगरीकन संशोधन गरी दिनुभएको हुनाले हामी वहाँप्रति आभारी छौं ।

यो पुस्तक प्रकाश गर्न जटिल भन्तेको अनुपस्थितिमा वहाँको प्रतिनिधित्व गरी सम्पूर्ण अभिभार लिनुभएकोमा उपासक धर्मराज लामा प्रयाग पोखरी पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै यो पुस्तक आफ्नो दिवंगत स्वामीको पुण्यस्मृतिमा प्रकाश गरी धर्मदानको निम्ति आर्थिक सहयोग गर्ने धरान निवासी बिष्णुदेवी श्रेष्ठ र उनका परिवार पनि धन्यवादका पात्र हुनु हुन्छ ।

अन्तमा पुस्तकलाई बेलैमा राम्रोसंग छापी दिनुहुने बागमति प्रेश परिवारलाई पनि धन्यवाद छ । अस्तु ।

बुद्ध सम्बत २५४१
श्रावण पूर्णिमा
हाल--- शंखमूल चोक,
नयांबानेश्वर

अनुवादक
धर्मरत्न शाक्य 'त्रिशुली'
झतापोल ताजाफः
ललितपुर

पट्ठान-पालि

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

पच्चयुद्देसपालि

१. हेतुपच्चयो । २. आरम्मणपच्चयो ।
३. अधिपतिपच्चयो । ४. अनन्तरपच्चयो ।
५. समनन्तरपच्चयो । ६. सहजातपच्चयो ।
७. अञ्ञमञ्ञपच्चयो । ८. निस्सयपच्चयो ।
९. उपनिस्सयपच्चयो । १०. पुरेजातपच्चयो ।
११. पच्छाजातपच्चयो। १२. आसेवनपच्चयो ।
१३. कम्मपच्चयो । १४. विपाकपच्चयो ।
१५. आहारपच्चयो । १६. इन्द्रियपच्चयो ।
१७. झानपच्चयो । १८. मग्गपच्चयो ।
१९. सम्पयुत्तपच्चयो । २०. विप्पयुत्तपच्चयो ।
२१. अत्थिपच्चयो । २२. नत्थिपच्चयो ।
२३. विगतपच्चयो । २४. अविगतपच्चयो' ति ।

पच्चयुद्देसो निट्ठितो

पट्ठान २४ वटा प्रत्यय संक्षिप्त समाप्त भयो ।

२

पच्चयनिद्देसपालि

१. हेतुपच्चय

१) हेतुपच्चयो' ति--

हेतू हेतुसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं हेतुपच्चयेन पच्चयो ।

२. आरम्मणपच्चय

२) आरम्मणपच्चयो' ति--

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

गन्धायतनं घाणविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सब्बे धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

यं यं धम्मं आरब्भ ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

३. अधिपतिपच्चय

३) अधिपतिपच्चयो' ति-

छन्दाधिपति छन्दसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

वीरियाधिपति वीरियसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो।

चित्ताधिपति चित्तसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

वीमंसाधिपति वीमंससम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

यं यं धम्मं गरूंकत्वा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं अधिपतिपच्चयेन पच्चयो ।

४. अनन्तरपच्चय

४) अनन्तरपच्चयो' ति-

चक्खुविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सोतविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

घानविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

जिह्वाविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

कायविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

येसं येसं धम्मानं अनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा; ते ते धम्मा तेसं तेसं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

५. समनन्तरपच्चय

५) समनन्तरपच्चयो' ति--

चक्खुविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तर पच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सोतविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

घानविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

जिह्वाविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

कायविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं

अब्याकता धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

येसं येसं धम्मानं समनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्त चेतसिका धम्मा; ते ते धम्मा तेसं तेसं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

६. सहजातपच्चय

६) सहजातपच्चयो' ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं

सहजातपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं सहजातपच्चयेन पच्चयो ।

रूपिनो धम्मा अरूपीनं धम्मानं किञ्चिकाले सहजातपच्चयेन पच्चयो ।

किञ्चिकाले न सहजातपच्चयेन पच्चयो ।

७. अञ्ञमञ्ञपच्चय

७) अञ्ञमञ्ञपच्चयो' ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

८. निस्सयपच्चय

८) निस्सयपच्चयो' ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं निस्सयपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं निस्सयपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

जिह्वायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति । तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

९. उपनिस्सयपच्चय

९) उपनिस्सयपच्चयो' ति-

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

उतु भोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।

पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो ।

सेनासनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।

१०. पुरेजातपच्चय

१०) पुरेजातपच्चयो ति-

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च

धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

जिह्वायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वतन्ति; तं रूपं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं किञ्चिकाले पुरेजातपच्चयेन पच्चयो । किञ्चिकाले न पुरेजातपच्चयेन पच्चयो ।

११) पच्छाजातपच्चयो' ति-

पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातपच्चयेन पच्चयो ।

१२. आसेवनपच्चय

१२) आसेवनपच्चयो' ति-

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा किरियाब्याकता धम्मा पच्छिमानं पच्छिमानं क्रियाब्याकतानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

१३. कम्मपच्चय

१३) कम्मपच्चयो' ति-

कुसलाकुसलं कम्मं विपाकानं खन्धानं कटत्ता च रूपानं कम्मपच्चयेन पच्चयो ।

चेतना सम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं कम्मपच्चयेन पच्चयो ।

१४. विपाकपच्चय

१४) विपाकपच्चयो' ति-

विपाका चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं

विपाकपच्चयेन पच्चयो ।

१५. आहारपच्चय

१५) आहार पच्चयो' ति-

कवलीकारो आहारो इमस्स कायस्स आहारपच्चयेन पच्चयो ।

अरूपिनो आहारा सम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं आहारपच्चयेन पच्चयो ।

१६. इन्द्रियपच्चय

१६) इन्द्रियपच्चयो' ति-

चक्खुन्द्रियं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

सोतिन्द्रियं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

घानिन्द्रियं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

जिह्विन्द्रियं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

कायिन्द्रियं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

रूपजीवितिन्द्रियं कटत्तारूपानं इन्द्रियपच्चयेन पच्चयो ।

अरूपिनो इन्द्रिया सम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं इन्द्रियपच्चयेन पच्चयो ।

१७. झानपच्चय

१७) झानपच्चयो' ति-

झानङ्गानि झानसम्पयुत्तकानं धम्मानं तं समुट्ठानञ्च रूपानं झानपच्चयेन पच्चयो ।

१८. मग्गपच्चय

१८) मग्गपच्चयो' ति-

मग्गङ्गानि मग्गसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं मग्गपच्चयेन पच्चयो ।

१९. सम्पयुत्तपच्चय

१९) सम्पयुत्तपच्चयो' ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सम्पयुत्तपच्चयेन पच्चयो ।

२०. विप्पयुत्तपच्चय

२०) विप्पयुत्तपच्चयो' ति-

रूपिनो धम्मा अरूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

अरूपिनो धम्मा रूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

२१. अत्थिपच्चय

२१) अत्थिपच्चयो' ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अत्थिपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं अत्थिपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

जिह्वायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

फोटठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति । तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

२२. नत्थिपच्चय

२२) नत्थिपच्चयो' ति-

समनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।

२३. अविगतपच्चय

२३) विगतपच्चयो' ति-

समनन्तरविगता चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।

२४. अविगतपच्चय

२४) अविगतपच्चयो' ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अविगतपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं अविगतपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

जिह्वायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तं सम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

पच्चयनिद्देसो निट्ठितो ।

पट्ठान २४ वटा प्रत्यय विस्तार समाप्त भयो ।

भवतु सब्ब मंगलं

सबैलाई कल्याण हवोस्

पट्ठान-पालि

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।
उनि भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।

पच्चयुद्देस

यो पच्चयुद्देस भनेको पच्चय र उद्देस दुई शब्द मिलेर बनेको छ । पच्चय=प्रत्यय भनिकन सहायक धर्म, उपकारक धर्म हुने हुनाले यसलाई प्रत्यय भनिएको हो । त्यस्तै उद्देस भनिकन संक्षिप्तलाई भनेको हुनाले पच्चयुद्देसको मूल अर्थ "प्रत्ययलाई संक्षिप्त गरी देखाउने"लाई भनेको हो । यो प्रत्यय २४ वटा छन्--

१. हेतुपच्चयो । २. आरम्मणपच्चयो ।
३. अधिपतिपच्चयो । ४. अनन्तरपच्चयो ।
५. समनन्तरपच्चयो । ६. सहजातपच्चयो ।
७. अञ्ञमञ्ञपच्चयो । ८. निस्सयपच्चयो ।
९. उपनिस्सयपच्चयो । १०. पुरेजातपच्चयो ।
११. पच्छाजातपच्चयो। १२. आसेवनपच्चयो ।
१३. कम्मपच्चयो । १४. विपाकपच्चयो ।
१५. आहारपच्चयो । १६. इन्द्रियपच्चयो ।
१७. झानपच्चयो । १८. मग्गपच्चयो ।
१९. सम्पयुत्तपच्चयो । २०. विप्पयुत्तपच्चयो ।
२१. अत्थिपच्चयो । २२. नत्थिपच्चयो ।
२३. विगतपच्चयो । २४. अविगतपच्चयो' ति ।

पच्चयुद्देसो निट्ठितो
पच्चय उद्देस समाप्त भयो ।

पच्चयनिद्देस

निद्देस भनिकन विस्तृत भएको धर्मलाई भनिन्छ । पटठान भनिकन अनेक कारणले उत्पन्न हुने उपकारक शक्ति धर्मलाई देखाउनेलाई भनिन्छ ।

२४ वटा प्रत्ययलाई साधारण रूपले बुझ्ने

१) हेतु- रूखको मूल जरा जस्तै मूल कारण भैरहेकोलाईहेतु भनिन्छ ।

२) आरम्मण- आफु एक्लै हिंडन नसक्नेहरूको निमित्त लौरो वा टांगिएको डोरी जस्तो भएको नाम-रूप धर्मलाई आरम्मण भनिन्छ ।

३) अधिपति- जोडा नभएका चक्रवर्ती राजाझैं मूली भएर बस्ने स्वभाव धर्मलाई अधिपति भनिन्छ ।

४) अनन्तर- विशेष रूपले एक पछि अर्को अन्तर नहुने गरी तुरून्तै उत्पन्न हुने स्वभाव । जस्तो कि चिप्लिने वित्तिकै लड्ने जस्तै त्यसैले अनन्तर भनिन्छ ।

५) समनन्तर- चक्रवर्ती राजा राज काज त्यागेर श्रमण बनेपछि वा स्वर्गारोहण भएपछि छोरो युवराज राजा हुने जस्तै बिल्कुलै अन्तर नहुने गरी उपकार गर्ने स्वभाव । त्यसैले समनन्तर भनिन्छ ।

६) सहजात- एकैचोटि संगै उत्पन्न हुने स्वभाव । वत्ति बाल्ने वित्तिकै नै प्रकाश हुने जस्तै । त्यसकारण त्यसलाई सहजात भनिन्छ।

७) अञ्ञमञ्ञ- बच्चा छोप्ने त्रिखुट्टि जस्तो एकले अर्कोलाई जसरी परस्पर मद्दत दिईरहने हो, त्यस्तै मद्दत दिने । त्यसैले त्यसलाई अञ्ञमञ्ञ भनिन्छ ।

८) निस्सय- निश्रय; आधारलाई भनिन्छ । जस्तो पृथ्वीको आधारमा वृक्ष स्थिर भैरहन्छन् ।

९) उपनिस्सय- प्रबल तथा बलियो आधारलाई उपनिस्सय भनिन्छ । यो अत्यन्त व्यापक प्रत्यय हो । संपूर्ण संसार यसभित्र समावेश हुन आउँछ । जस्तो वर्षाले वृक्षलाई पूर्णरूपले मद्दत गर्दछ ।

१०) पुरेजात- पहिले उत्पन्न भएर पछि उत्पन्न हुने स्वभावधर्महरूलाई उपकार गर्ने स्वभावलाई पुरेजात भनिन्छ । जस्तो कल्प उत्थान हुने बेलामा चन्द्र सूर्यको प्रकाश त्यस अवस्थाका प्राणीहरूलाई प्राप्त हुने हो । अथवा आमा वावुहरू ।

११) पच्छाजात- पछि उत्पन्न भएर उपकार गर्ने स्वभावलाई पच्छाजात भनिन्छ । जस्तो गिद्धका वच्चाहरूलाई खाने दोहल (दौहद) हुन्छ र पछि आहार प्राप्त हुने आशाको कारणले तिनीहरूको शरीर वृद्धि हुनलाई मद्दत पाईरहन्छ ।

१२) आसेवन- भनिएको बारबार सेवन गर्ने स्वभावलाई भनिन्छ । जस्तो सुगन्धित र दुर्गन्धित चीज वस्तुमा अरू चीज वस्तु बन्द गरिराख्दा त्यसमा त्यो बासको प्रभाव झन झन बढ्दै जाने हो; अथवा पहिलेको गाँठोले पछिल्लो गाँठोलाई अझ बढी मद्दत पुऱ्याउने हो ।

१३) कम्म- कर्म । राम्रोसंग विउ रोपेपछि अंकुर फुट्ने जस्तै ।

१४) विपाक- विपाक भनेको फल वा परिणामलाई भनिन्छ । जस्तो रूखको छायाले वा त्यसको चिसो वायुले शितलता दिएर उपकार गर्ने हो ।

१५) आहार- जस्तो भत्कन लागेको घरलाई टेवा दिएपछि भत्कँदैन, त्यस्तै नै जीवनलाई टेवा दिनेलाई आहार भनिन्छ ।

१६) इन्द्रिय- जस्तो आआफ्ना अधिकार भएका विभागीय अधिकारीहरू आआफ्नो क्षेत्रमा अधिकार युक्त भैरहने हो ।

१७) झान- रूखको टुप्पामा वा पर्वतको टाकुरामा बसेर हेर्दा टाढा टाढासम्म देखिनेजस्तै देखिने गरि मद्दत गर्नेलाई ध्यान भनिन्छ ।

१८) मग्ग- पौडी खेलेर नदी पार गर्ने जस्तै (संसार पार गर्नलाई) मद्दत पुऱ्याउनेलाई मार्ग भनिन्छ ।

१९) सम्पयुत्त- संयुक्त भएर उपकार गर्ने स्वभाव । जस्तो हलुवामा चीनी घ्यू पिठो पानी मिसिएर रहने हुन्छ । अथवा चतुमधुको स्वाद जस्तो ।

२०) विप्पयुत्त- सम्बन्ध नभएको नमिसिएको स्वभाव । जस्तो गुलियो, अमिलो, तितो, पिरो आदि छः प्रकारका रस वेग्ला वेग्लै हुन्छन् ।

२१) अत्थि- भएर उपकार गर्ने स्वभाव । वृक्ष आदिलाई उपकार गर्न पहाड अचल भएर रहे जस्तैं ।

२२) नत्थि- नभएर उपकार गर्ने स्वभाव । जस्तो रात बितेर विहान हुन मद्दत हुन्छ । बत्ति निभेपछि अँध्यारो हुने हुन्छ ।

२३) विगत- सूर्य अस्ताएर गएपछि चन्द्रमा उदय हुन उपकार भएजस्तै अष्ट भएर उपकार गर्नेलाई विगत भनिन्छ ।

२४) अविगत- महासमुद्रको आधारमा माछाहरू बाँच्छन् । समुद्रवाट अलग्ग नहोउञ्जेल माछाहरू जीवित भैरहे जस्तै अलग्ग नभैकन उपकार गर्ने स्वभावलाई अविगत भनिन्छ । यसरी २४ वटा प्रत्ययको साधारण स्वभावलाई जानिराख्नु राम्रो छ ।

================

पच्चयनिद्देस पालि र अर्थ

१) हेतुपच्चयो ति--

हेतु हेतुसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं हेतुपच्चयेन पच्चयो ।

हेतुप्रत्यय भनेको-

छःवटा हेतुले आफुसंग सम्प्रयुक्त भैरहेको सहेतुक चित्त ७१ वटा, मोहमूल दुईवटामा भएको मोहबाट अलग्ग भएको चैतसिक ५२ वटालाई र त्यो हेतु र हेतु सम्प्रयुक्त चित्त, चैतसिक नै उत्पत्ति-कारण भैरहेको चित्तज-रूप र प्रतिसन्धि कर्मज-रूपलाई हेतुप्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सहेतुक चित्त ७१ वटा भनेको केके भने:-

(१) अकुशल चित्त १२, (२) सहेतुक कामावचर चित्त २४, (३) रूपावचर चित्त १५, (४) अरूपावचर चित्त १२ समेत (महर्गत चित्त २७) अनि लोकुत्तर चित्त ८, यसरि जम्मा ७१ वटा भयो ।

---

(१) यस मध्ये अकुशल चित्त १२ भनेको:-

(क) लोभमूल चित्त ८, (ख) दोपमूल चित्त २, (ग) मोहमूल चित्त २ समेत जम्मा १२ वटा भयो ।

(२) सहेतुक कामावचर चित्त २४ भनेको:-

(क) कामावचर महाकुशल चित्त ८ वटा, (ख) कामावचर महाविपाक चित्त ८ वटा, (ग) कामावचर महाक्रिय चित्त ८ वटा समेत जम्मा २४ वटा भयो ।

२) आरम्मणपच्चयो ति--

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मान आरम्मणपच्चयेन पच्चयो ।

---

(३) रूपावचर चित्त १५ भनेको:-

(क) रूपावचर कुशल चित्त ५ वटा, (ख) रूपावचर विपाक चित्त ५ वटा, (ग) रूपावचचर क्रिय चित्त ५ वटा समेत जम्मा १५ वटा भयो ।

(४) अरूपावचर चित्त १२ भनेको:-

(क) अरूपावचर कुशल चित्त ४ वटा, (ख) अरूपावचर विपाक चित्त ४ वटा, (ग) अरूपावचर क्रिय चित्त ४ वटा समेत जम्मा १२ वटा भयो ।

(५) लोकुत्तर चित्त ८ वटा भनेको:-

(क) मार्ग (कुशल) चित्त ४ वटा, (ख) फल (विपाक) चित्त ४ वटा समेत जम्मा ८ वटा भयो ।

सबै जम्मा गरेर यी ७१ वटा चित्तलाई लोभादि हेतु सहित भएको हुँदा सहेतुक चित्त भनिने भयो ।

चैतसिक ५२ वटा केके भने:-

(१) अन्यसमान चैतसिक १३ वटा, (२) अकुशल चैतसिक १४ वटा, (३) शोभनसाधारण चैतसिक १९ वटा, (४) विरति चैतसिक ३ वटा, (५) अप्रमाण्य चैतसिक २ वटा, (६) प्रज्ञिन्द्रिय चैतसिक १ वटा । यसरि जम्मा ५२ वटा भयो । त्यसमा अन्यसमान चैतसिकलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जस्तै:-

(अ) सर्वचित्तसाधारण चैतसिक ७ वटा,

(आ) प्रकीर्णक चैतसिक ६ वटा ।

सर्वचित्तसाधारण चैतसिक ७ वटा के के भने:-

(१) स्पर्श, (२) वेदना, (३) संज्ञा, (४) चेतना, (५) एकाग्रता, (६) जीवितिन्द्रिय, (७) मनसिकार भनी ७ वटा छन् ।

आरम्मणप्रत्यय .भनेको-

वर्तमान रूपारम्मणले चक्षुविज्ञान धातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

वर्तमान शब्दारम्मणले श्रोतविज्ञान धातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

गन्धायतनं घाणविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

वर्तमान गन्धारम्मणले घ्राणविज्ञान धातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

वर्तमान रसारम्मणले जिह्वाविज्ञान धातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

वर्तमान प्रष्टब्यारम्मणले कायविज्ञान धातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

प्रकीर्णक चैतसिक छ वटा भनेको के के भने १।वितर्क, २।विचार, ३।अधिमोक्ष, ४।वीर्य, ५।प्रीति, ६।छन्द भनी ६ वटा छन ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

वर्तमान रूपारम्मणले, शब्दारम्मणले, गन्धारम्मणले, रसारम्मणले, प्रष्टब्यारम्मणले मनोधातु तीनवटालाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भैरहेको अन्यसमान चैतसिक १० वटा धर्मलाई आरम्मण-प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

सब्बे धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सम्पूर्ण चित्त ८९ वटा, चैतसिक ५२ वटा, रूप २८ वटा, निर्वाण र प्रज्ञप्ति भनिएको आरम्मण छः वटा प्रत्यय धर्मले मनोविज्ञान धातु ७६ वटालाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको चैतसिक ५२ वटा धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

ये ये धम्म आरब्भ ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

अन्यसमान चैतसिक १० वटा भनेको के के भने:-

सर्वचित्तसाधारण चैतसिक ७ वटा, वितर्क, विचार र अधिमोक्ष यी ३ वटा समेत यसरि १० वटा भयो ।

मनोविज्ञानधातु ७६ वटा भनेको के के भने:-

१) अकुशल चित्त १२ वटा, २) सन्तीरण ३ वटा, हसितुप्पाद र मनोद्वारावर्जन समेत गरि ५ वटा अहेतुक चित्त-द्विपञ्चविज्ञान १० वटा र मनोधातु ३ वटाले अलग्ग भएको), ३) सहेतुक कामावचर चित्त २४ वटा, (४) महर्गत चित्त २७ वटा,-

जुन जुन स्वभाव भएको आरम्मण छः वटा प्रत्यय धर्मलाई आरम्मण गरेर जुन जुन स्वभाव भएको आरम्मणिक प्रत्ययुत्पन्न (फल) धर्महरू उत्पन्न हुने हो । चित्त, चैतसिक भैरहेको आरम्मणिक प्रत्ययुत्पन्न धर्महरू उत्पन्न हुने हो । त्यो त्यो स्वभाव भएको आरम्मण छः वटा प्रत्यय धर्मले त्यो त्यो स्वभाव भएको आरम्मणिक प्रत्ययुत्पन्न धर्मलाई आरम्मण-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

३) अधिपतिपच्चयो ति-

छन्दाधिपति छन्दसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

अधिपति-प्रत्यय भनेको-

छन्द (इच्छामात्र) भनिएको अधिपतिले छन्दसंग सम्प्रयुक्त भैरहेको साधिपति जवन ५२ वटा, छन्द, विचिकित्साबाट अलग्ग भएको चैतसिक ५० वटा धर्मलाई र त्यो छन्द, छन्दसंग सम्प्रयुक्त भएको चित्त चेतसिक नै उत्पत्ति-कारण भैरहेको साधिपति चित्तज-रूपलाई सहजात अधिपति प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

वीरियाधिपति वीरियसम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो।

---

५) लोकुत्तर चित्त ८ वटा समेत ७६ वटा भयो ।

साधिपति जवन ५२ वटा भनेको के के भने:-

मोहमूल चित्त दुईवटावाट अलग्ग भएको अकुशल चित्त १० वटा, कामावचर कुशल क्रिय जवन १६ वटा, महर्गत कुशल क्रिय जवन १८ वटा, लोकुत्तर जवन ८ वटा समेत जम्मा ५२ वटा भयो ।

वीर्य भनिएको अधिपतिले वीर्यसंग सम्प्रयुक्त भैरहेको साधिपति जवन ५२ वटा, वीर्य, विचिकित्साबाट अलग्ग भएको चैतसिक ५० वटा धर्मलाई र त्यो वीर्य, वीर्यसंग सम्प्रयुक्त भएको चित्त, चैतसिक नै उत्पत्ति कारण भैरहेको साधिपति चित्तज रूपलाई सहजात अधिपति प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

चित्ताधिपति चित्तसम्पंयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

चित्त भनिएको अधिपतिले चित्तसंग सम्प्रयुक्त भैरहेको विचिकित्साबाट अलग्ग भएको चैतसिक ५१ वटा धर्मलाई र त्यो चित्ताधिपतिसंग सम्प्रयुक्त भएको चैतसिक नै उत्पत्ति कारण भैरहेको साधिपति चित्तज-रूपलाई सहजात-अधिपति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

वीमंसाधिपति वीमंससम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

वीमंस (प्रज्ञा) भनिएको अधिपतिले वीमंससंग सम्प्रयुक्त भैरहेको साधिपति त्रिहेतुक जवन ३४ वटा, वीमंसबाट अलग्ग भएका चैतसिक ३७ वटा धर्मलाई र त्यो वीमंस, वीमंससंगसम्प्रयुक्त भएको चित्त, चैतसिक नै उत्पत्ति-कारण भैरहेको साधिपति चित्तज-रूपलाई सहजात-अधिपति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

साधिपति चित्तज रूप--

यसमा यति यति भनि स्वरूप संख्या नछुटयाइकन सामान्य व्यवहार गरिराखेको हुनाले रूपकाण्डमा उल्लेख भैरहेको चित्तजरूप १५ वटा नै समावेश गर्नु हुन्छ ।

साधिपति त्रिहेतुक जवन ३४ वटा भनेको के के भने:-

यं यं धम्मं गरूकत्वा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, तं तं धम्मा तेसं तेसं धम्मानं अधिपतिपच्चयेन पच्चयो ।

जुन जुन स्वभाव भएको आरम्मण छ:वटा प्रत्यय (उपकार कारक कारण) धर्मलाई गौरव राखेर वा महत्व दिएर जुन जुन स्वभाव भएको आरम्मणिक प्रत्ययुत्पन्न धर्महरू उत्पन्न हुने हो । चित्त, चैतसिक भैरहेको आरम्मणिक प्रत्ययुत्पन्न धर्महरू उत्पन्न हुने हो । त्यो त्यो स्वभाव भएको आरम्मण छ:वटा प्रत्यय धर्महरूले त्यो त्यो स्वभाव भएको आरम्मणिक प्रत्ययुत्पन्न धर्मलाई आरम्मण-अधिपति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

४) अनन्तरपच्चयो ति-

चक्खुविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

अनन्तर-प्रत्यय भनेको-

चक्षुविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक सातवटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई अनन्तर प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

महाकुशल क्रिया ज्ञानसम्प्रयुक्त जवन ८ वटा, महर्गत कुशल क्रिया जवन १८ वटा, लोकुत्तर जवन ८ वटा समेत जम्मा ३४ वटा भयो ।

सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्म सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई अनन्तर प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सोतविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

श्रोतविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिले उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्म सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

वीमंसबाट अलग्ग भएको चैतसिक ३७ वटा भनेको-

त्रिहेतुक जवन चित्त ३४ वटामा मिलेको चैतसिक जम्मा ३८ वटा भएकोमा वीमंस भनिएको प्रज्ञिन्द्रिय-चैतसिक एकवटा अलग्ग राख्नुपर्ने हुनाले ३७ वटा भयो ।

घानविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

घ्राणविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई अनन्तर प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्म सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यवाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

जिह्वाविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

जिह्वाविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातु र त्योसंग

सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मले सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेका छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

कायविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

कायविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक सातवटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मले सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको कुशल भैरहेको अन्तिम जवनबाट अलग्ग भएको लौकिक कुशल १७ वटा नामस्कन्ध धर्मले पछि पछिको प्रथम जवनबाट अलग्ग भएको कुशल २१ वटा नामस्कन्ध धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको लौकिक कुशल १७ वटा अन्तिम जवन, मार्ग ४ वटा नामस्कन्ध धर्मले पछि पछिको अव्यााकृत (कुशल पनि नभएको, अकुशल पनि नभएको) भैरहेको सन्तीरण ३ वटा, महाविपाक ८ वटा, महर्गत विपाक ९ वटा, फल ४ वटा नामस्कन्ध धर्मलाई अनन्तर- प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपन्च्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल भैरहेको अन्तिम जवनवाट अलग्ग भएको अकुशल १२ वटा नामस्कन्ध धर्मले पछि पछिको प्रथम जवनबाट अलग्ग भएको अकुशल १२ वटा नामस्कन्ध धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल १२ वटा अन्तिम जवन नामस्कन्ध धर्मले पछि पछिको सन्तीरण ३ वटा, महाविपाक ८ वटा, महर्गत विपाक ९ वटा नामस्कन्ध अव्याकृत धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

लौकिक कुशल १७ वटा भनेको:-

कामावचर महाकुशल ८ वटा, महर्गत कुशल ९ वटा समेत गरि १७ वटा भयो ।

कुशल चित्त २१ वटा भनेको उपरोक्त १७ वटा कुशल चित्तमा लोकुत्तर मार्गचित्त ४ वटा जोडेपछि २१ वटा हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्ध धर्मले पछिपछिको अब्याकृत भैरहेको अरहन्तहरूको च्युतिचित्तले सहित भएको विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्धलाई अनन्तर=प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको वोट्ठब्बन, मनोद्वारावर्जन नामस्कन्ध धर्मले पछि पछिको कुशल भैरहेको महाकुशल प्रथम जवन नामस्कन्ध धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको वोट्ठब्बन, मनोद्वारावर्जन नामस्कन्ध धर्मले पछि पछिको अकुशल भैरहेको अकुशल १२ वटा प्रथम जवन नामस्कन्ध धर्मलाई अनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

येसं येसं धम्मानं अनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा; ते ते धम्मा तेसं तेसं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

विपाक ३६ वटा भनेको:-

अहेतुक विपाक चित्त १५ वटा, सहेतुक महाविपाक चित्त ८ वटा, महर्गत विपाक चित्त ९ वटा, लोकुत्तर फल चित्त ४ वटा । यसरि विपाक चित्त ३६ वटा भयो ।

जुन जुन स्वभावको अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको पहिले पहिलेको चित्त ८९ वटा, चैतसिक ५२ वटा, नामस्कन्ध प्रत्यय धर्मको अनन्तरमा जुन जुन स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तले सहित भएको पछि पछिको चित्त ८९ वटा, चैतसिक ५२ वटा, नामस्कन्ध धर्महरू उत्पन्न हुने हो; चित्त, चैतसिक भैरहेको नामस्कन्ध धर्महरू उत्पन्न हुने हो; त्यो त्यो स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको पहिले पहिलेको नामस्कन्ध धर्महरूले त्यो त्यो स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तले सहित भएको पछि पछिको नामस्कन्ध धर्महरूलाई अनन्तर-प्रत्यय शक्ति द्वाराउपकार गर्ने हुन्छ ।

---

५) समनन्तरपच्चयो ति--

चक्खुविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तर पच्चयेन पच्चयो ।

समनन्तर प्रत्यय भनेको-

चक्षुविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुत्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

क्रिया चित्त २० वटा भनेको:-

अहेतुक क्रिया चित्त ३ वटा, सहेतुक महाक्रिया चित्त ८ वटा, महर्गत क्रिया चित्त ९ वटा । यसरि क्रिया चित्त २० वटा भयो ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्म सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सोतविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

श्रोतविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यवाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्म सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

घानविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

घ्राणविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुत्त, भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्म सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

जिह्वाविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

जिह्वाविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन्न दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान

चैतसिक १० वटा धर्मले सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

कायविञ्ञाणधातु तं सम्पयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

कायविज्ञानधातु र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्त साधारण चैतसिक ७ वटा धर्मले सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति,वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

मनोधातु तं सम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सम्प्रतिच्छन दुईवटा भनिएको मनोधातु र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मले सन्तीरण तीनवटा भनिएको मनोविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको छन्द, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक ११ वटा धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको कुशल भैरहेको कुशल जवनबाट अलग्ग भएको लौकिक कुशल १७ वटा नामस्कन्ध धर्मले पछि पछिको प्रथम जवनबाट अलग्ग भएको कुशल २१ वटा नामस्कन्धलाई समनन्तर-प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको लौकिक कुशल १७ वटा अन्तिम जवन, मार्ग ४ वटा नामस्कन्ध धर्मले पछि पछिको अव्याकृत (कुशल पनि नभै अकुशल पनि नभएको) भैरहेको सन्तीरण तीनवटा, महाविपाक ८ वटा, महर्गत विपाक ९ वटा, फल ४ वटा नामस्कन्ध धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल भैरहेको अन्तिम जवनबाट अलग्ग भएको अकुशल १२ वटा नामस्कन्ध धर्मले पछि पछिको प्रथम जवनबाट अलग्ग भएको अकुशल १२ वटा नामस्कन्ध धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल १२ वटा अन्तिम जवन नामस्कन्ध धर्मले पछि पछिको सन्तीरण तीनवटा, महाविपाक ८ वटा, महर्गत विपाक ९ वटा, नामस्कन्ध अव्याकृत धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अव्याकृत भैरहेको अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्ध धर्मले पछि पछिको अव्याकृत भैरहेको अरहन्तहरूको च्युतिचित्तले सहित भएको विपाक ३६ वटा, क्रिया

२० वटा नामस्कन्ध धर्मलाई समनन्तर-प्रत्यय शक्ति- द्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको वोट्ठब्बन, मनोद्वारावर्जन नामस्कन्ध धर्मले पछि पछिको कुशल भैरहेको महाकुशल प्रथम जवन नामस्कन्ध धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको वोट्ठब्बन, मनोद्वारावर्जन नामस्कन्ध धर्मले पछि पछिको अकुशल भैरहेको अकुशल १२ वटा प्रथम जवन नामस्कन्ध धर्मलाई समनन्तर-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

येसं येसं धम्मानं समनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्त चेतसिका धम्मा; ते ते धम्मा तेसं तेसं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

जुन जुन स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको पहिले पहिलेको चित्त ८९ वटा, चैतसिक ५२ वटा, नामस्कन्ध प्रत्यय धर्मको समनन्तरमा जुन जुन स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तले सहित भएको पछि पछिको चित्त ८९ वटा, चैतसिक ५२ वटा, नामस्कन्ध धर्महरू उत्पन्न हुने हो; चित्त चैतसिक भैरहेको नामस्कन्ध धर्महरू उत्पन्न हुने हो; त्यो त्यो स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको पहिले पहिलेको नामस्कन्ध धर्महरूले त्यो त्यो स्वभाव भएको अरहन्तहरूको च्युतिचित्तले सहित भएको पछि पछिको नामस्कन्ध धर्महरूलाई समनन्तर-

प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

६) सहजातपच्चयो ति-

चत्तारी खन्धा अरूपिनो अञ्ञमञ्ञ सहजातपच्चयेन पच्चयो ।

सहजात-प्रत्यय भनेको-

चारवटा नामस्कन्धहरूले परस्परलाई वा एकले अर्कोलाई सहजात-प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

चत्तारो महाभूता अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।

चार महाभूतले परस्परलाई सहजात प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

ओक्कन्तिक्खणे नामरूप अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।

पञ्चवोकार प्रतिसन्धि क्षणमा पञ्चवोकार प्रतिसन्धि नामस्कन्ध, हृदयवस्तु परस्परलाई सहजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चित्तचेतसिका धम्मा चित्तसमुट्‌ठानानं रूपानं सहजातपच्चयेन पच्चयो ।

चित्त चैतसिक भैरहेको अरूपविपाक ४ वटा, द्विपञ्चविज्ञान १० वटा, अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको चित्त ७५ वटा, चैतसिक ५२ वटा नामस्कन्धले चित्त नै उत्पत्ति-कारण भैरहेको चित्तज-रूपलाई वा चित्तज-रूप, प्रतिसन्धि कर्मज-रूपलाई सहजातप्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

७५ वटा चित्त के के भने:-

(१) अकुशल चित्त १२ । (२) द्विपञ्चविज्ञान दशवटाबाट

महाभूता उपादारूपानं सहजातपच्चयेन पच्चयो ।

महाभूतले उपादारूपलाई सहजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रूपिनो धम्मा अरूपीनं धम्मानं किञ्चिकाले सहजातपच्चयेन पच्चयो ।

रूप भैरहेको हृदयवस्तुले अरूप (नाम) भैरहेको पञ्चवोकार प्रतिसन्धि नामस्कन्ध धर्मलाई प्रतिसन्धि कालमा सहजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

किञ्चिकाले न सहजातपच्चयेन पच्चयो ।

प्रबृत्तिकालमा सहजात-प्रत्यय शक्तिद्वारा उपकार नगर्ने हुन्छ ।

---

७) अञ्ञमञ्ञपच्चयो ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

चारवटा नामस्कन्धले परस्परलाई अन्यमन्य-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चत्तारो महाभूता अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

चारवटा महाभूतले परस्परलाई अन्यमन्य-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

अलग्ग भएको अहेतुक चित्त ८ वटा । (३) सहेतुक कामावचर चित्त २४ वटा । (४) रूपावचर चित्त १५ वटा । (५) अरूपविपाक चारवटाबाट अलग्ग भएको अरूपचित्त ८ वटा । (६) लोकुत्तर चित्त ८ वटा समेत यी ७५ वटा भयो ।

पञ्चवोकार भनेको-

रूपस्कन्धादि पाँचवटा स्कन्ध अथवा पञ्चस्कन्धलाई भनेको हो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

प्रतिसन्धि क्षणमा पञ्चवोकार प्रतिसन्धि नामस्कन्ध हृदयवस्तुले परस्परलाई अन्यमन्य-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

८) निस्सयपच्चयो ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञ निस्सयपच्चयेन पच्चयो ।

निश्रय-प्रत्यय भनेको-

चारवटा नामस्कन्धहरूले परस्परलाई वा एकले अर्कोलाई सहजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चत्तारो महाभुता अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चारवटा महाभूतले परस्परलाई सहजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

ओक्कन्तिक्खणे नामरूप अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

पञ्चवोकार प्रतिसन्धि क्षणमा पञ्चवोकार प्रतिसन्धि नामस्कन्ध, हृदयवस्तुले परस्परलाई सहजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं निस्सयपच्चयेन पच्चयो ।

चित्त चैतसिक भैरहेको अरूपविपाक ४ वटा, द्विपञ्चविज्ञान १० वटा, अरहन्तहरूका च्युतिचित्तबाट अलग्ग भएको चित्त ७५ वटा, चैतसिक ५२ वटा नामस्कन्धले चित्त नै उत्पत्ति-कारण भैरहेको चित्तजरूपलाई वा

चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

महाभूता उपादारूपानं निस्सयपच्चयेन पच्चयो ।

महाभूतले उपादारूपलाई सहजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको चक्षुआयतनले चक्षुविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

अरहन्तहरूको च्युतिचित्तबाट अलग्ग भएको चित्त 75 भनेको- ८९ वटा चित्त मध्ये अरूपविपाक ४ वटा र द्विपञ्चविज्ञान १० वटावाट अलग्ग भएका चित्तहरू हुन् ।

मध्यमायुक भनेको-

चक्षुविज्ञान उत्पत्ति हुने वेलामा स्थिति क्षणमा स्थित भैरहको धेरै धेरै चक्षुवस्तुहरू पुरेजात-निश्रय-शक्ति भएको हुन्छ । तसर्थ त्यसलाई "मध्यमायुक" भनिराखेको हो । अलि स्पष्ट गरौं- चक्षुद्वारा वीथिमा चक्षुविज्ञान उत्पत्तिहुने अवस्थामा स्थितिको रूपमा रहिरहेको चक्षुप्रसाद जम्मा ४९ प्रकारका छन् । ती ४९ प्रकारका चक्षुप्रसादहरू मध्ये सवभन्दा पहिलो अतीत भवांगसंग एकैचोटि उत्पादहुने चक्षुप्रसादले चक्षुद्वारिक वीथिको आरम्मणलाई आधार लियोभने त्यस आरम्मणको अघि पनि निरोध हुँदैन, पछि पनि अवतरण हुँदैन वा खस्दैन । त्यस आरम्मणसंग एकैचोटि नै निरोध

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको श्रोतआयतनले श्रोतविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको घ्राणआयतनले घ्राणविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधाचरण चैतसिक सातवटा धर्मलाई पुरेजात-निश्रय-प्रत्य क्तिद्वारा उपकार गर्ने हुन्छ।

जिह्वायतनं जिह्वाविञ्ञाण धातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको जिव्हाआयतनले- जिह्वाविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको कायआयतनले कायविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-निश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति । तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

हुनुपर्ने हुनाले "मध्यमायुक चक्षुप्रसाद" नाउं भएको हो ।

जुन हृदयवस्तु रूपलाई आड लिएर मनोधातु र अरूपविपाक चारवटावाट अलग्ग भएको मनोविज्ञानधातु ७२ वटा, यी मनोधातु, मनोविज्ञानधातुहरू छन् । त्यो हृदयवस्तुले मनोधातुलाई र मनोविज्ञानधातुलाई पुरेजात निश्रय प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ । साथै तीनीसंगै सम्प्रयुक्त भैरहेको चैतसिक ५२ वटा नामस्कन्ध धर्मलाई सहजात निश्रय प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

---

९) उपनिस्सयपच्चयो ति-

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

उपनिश्रय-प्रत्यय भनेको-

पहिले पहिलेको कुशल भैरहेको अरहत्त मार्गबाट अलग्ग भएका कुशल २० वटा नामस्कन्ध धर्मले पछि पछिको कुशल धर्म भैरहेको कुशल २१ वटा नामस्कन्ध धर्मलाई आरम्मण-अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको कुशल भैरहेको लौकिक कुशल १७ वटा नामस्कन्ध धर्मले पछि पछिको अकुशल भैरहेको

अरहत्त मार्गबाट अलग्ग भएको कुशल २० वटा भनेको--

यसमा जम्मा कुशल चित्त २१ वटा भएकोमा अलग्ग भएको स्वरूप देखाईनै सकेको हुनाले २० वटा छुटयाउनु पर्ने आवश्यकता छैन ।

अकुशल १२ वटा नामस्कन्ध धर्मलाई कुनै कुनै अकुशललाई आरम्मण-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको कुशल भैरहेको कुशल २१ वटा नामस्कन्ध धर्मले पछि पछिको अब्यांकृत भैरहेको विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्ध धर्गलाई आरम्मण-अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल भैरहेको अकुशल १२ वटा नामस्कन्ध धर्मले पछि पछिको अकुशल भैरहेको अकुशल १२ वटा नामस्कन्ध धर्मलाई आरम्मण-अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिगानं कुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल भैरहेको अकुशल १२ वटा नामस्कन्ध धर्मले पछि पछिको कुशल भैरहेको कुशल २१ वटा नामस्कन्ध धर्मलाई कुनै कुनै कुशललाई प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार नगर्ने वा कुनै कुनै प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल भैरहेको अकुशल १२ वटा नामस्कन्ध धर्मले पछि पछिको अब्याकृत भैरहेको विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्ध धर्मलाई अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय

शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकता धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको विपाक ३६ वटा, क्रिया २० वटा, रूप २८ वटा निर्वाण धर्मलेपछि पछिको अब्याकृत भैरहेको विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्ध धर्मलाई आरम्मण-अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सय पच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको अरहत्त फलबाट अलग्ग भएको विपाक ३५ वटा, क्रिया २० वटा, रूप २८ वटा, निर्वाण धर्मले पछि पछिको अकुशल भइरहेको अकुशल १२ वटा नामस्कन्ध धर्मलाई आरम्मण-अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पहिले पहिलेको अब्याकृत भैरहेको लौकिकविपाक ३२ वटा, क्रिया २० वटा, रूप २८ वटा धर्मले पछि पछिको अकुशल भैरहेको अकुशल १२ वटा नामस्कन्ध धर्मलाई आरम्मण-अनन्तर-प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

उतु भोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।

रूप २८ वटा भनेको-

महाभूत रूप ४ वटा र उपादा रूप २४ वटा । यसरि रूप २८ वटा भयो ।

अनुकुल भएको चिसो तातो (मन्तातो) आदि भनिएको ऋतु र भोजनबाट पनि प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो ।

कल्याणमित्रादि पुद्‌गलबाट पनि प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सेनासनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।

अनुकूल भएको विहारादि वासस्थानबाट पनि प्रकृति-उपनिश्रय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१०) पुरेजातपच्चयो ति-

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

पुरेजात-प्रत्यय भनेको-

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको चक्षुआयतनले चक्षुविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको श्रोतआयतनले श्रोतविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोछि उत्पत्ति

भएको घ्राणआयतनले घ्राणविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

जिह्वायतन जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको जिह्वाआयतनले जिह्वाविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको कायआयतनले कायविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

वर्तमान रूपारम्मणले चक्षुविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

वर्तमान शब्दारम्मणले श्रोतविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

गन्धायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

वर्तमान गन्धारम्मणले घ्राणविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

वर्तमान रसारम्मणले जिह्वाविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण पुरेजात प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

वर्तमान प्रष्टव्यारम्मणले कायविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई आरम्मण-पुरेजात-प्रत्यय् शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

वर्तमान रूपारम्मणले, शब्दारम्मणले, गन्धारम्मणले, रसारम्मणले र प्रष्टव्यारम्मणले मनोधातु तीनवटालाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई आरम्मण-पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वतन्ति; तं रूपं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

जुन हृदयवस्तु रूपलाई आधार गरेर मनोधातु र

अरूपविपाक चारवटाबाट अलग्ग भएको मनोविज्ञानधातु ७२ वटा, यी मनोधातु, मनोविज्ञानधातुहरू छन् । त्यो हृदयवस्तुले मनोधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको चैतसिक १० वटा, धर्मलाई निश्रय-पुरेजात-प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

मनोविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं किञ्चिकाले पुरेजातपच्चयेन पच्चयो । किञ्चिकाले न पुरेजातपच्चयेन पच्चयो ।

मनोविज्ञानधातुलाई र त्यो त्यो धातुसंग सम्प्रयुक्त भैरहेको धर्मलाई प्रवृत्तिकालमा पुरेजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ । प्रतिसन्धिकालमा पुरेजात-प्रत्यय शक्ति-द्वारा उपकार नगर्ने हुन्छ ।

---

११) पंच्छाजातपच्चयो ति-

पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातपच्चयेन पच्चयो ।

पश्चाजात प्रत्यय भनेको-

पछि उत्पन्न हुने चित्त चैतसिक भैरहेको पञ्चवोकार भूमिमा अरूपविपाक चारवटाबाट अलग्ग भएको चित्त ८५ वटा, चैतसिक ५२ वटा नामस्कन्धधर्म प्रत्ययधर्म उत्पन्न हुनुभन्दा पहिले उत्पन्न भैसकेको यस्तो स्वभाव भएको एकज, द्विज, त्रिज, चतुर्ज कायलाई पश्चाजात-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१२) आसेवनपच्चयो ति-

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

आसेवन प्रत्यय भनेको-

पहिले पहिलेको कुशल भैरहेको अन्तिम जवनबाट अलग्ग भएका लौकिक कुशल १७ वटा नामस्कन्ध धर्मले पछि पछिको प्रथम जवनबाट अलग्ग भएको कुशल २१ वटा नामस्कन्ध धर्मलाई आसेवन-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पहिले पहिलेको अकुशल भैरहेको अन्तिम जवनबाट अलग्ग भएंको अकुशल १२ वटा नामस्कन्ध धर्मले पछि पछिको पथम जवनबाट अलग्ग भएका अकुशल १२ वटा नामस्कन्ध धर्मलाई आसेवन-प्रयय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

पुरिमा पुरिमा क्रियाब्याकता धम्मा पच्छिमानं पच्छिमानं किरियाब्याकतानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पहिले पहिलेको क्रिया अब्याकृत भैरहेको अन्तिम जवनबाट अलग्ग भएका क्रिया जवन १८ वटा नामस्कन्ध धर्मले पछि पछिको क्रिया अब्याकृत भैरहेको प्रथम जवनबाट अलग्ग भएको क्रिया जवन १८ वटा नामस्कन्ध धर्मलाई आसेवन-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

(*अन्तिम जवनबाट अलग्ग भएको लौकिक कुशल १७ वटा भनेको-* यसमा पनि केहि उल्लेख गर्नुपर्ने आवश्यक छैन । जम्मा लौकिक कुशल १७ वटा नै हो । अन्तिम जवन एउटा घट्दैमा चित्तको संख्या घट्ने हौइन । अरू अरू जवन चित्तत छँदैछ । मतलब यो हो कि- एउटै चित्त जवनको रूपमा प्रथम, द्वितीय,.... गर्दै धेरै पटक उत्पन्न हुन सक्छ ।)

---

१३) कम्मपच्चयो ति-

कुसलाकुसलं कम्म विपाकानं खन्धानं कटत्ता च रूपानं कम्मपच्चयेन पच्चयो ।

कम्म-पच्चयो भनेको

कुशल अकुशल भैरहेको नाना क्षणिक चेतनाबाट विपाक भैरहेको विपाक ३६ वटा, चैतसिक ३८ वटा नामस्कन्धलाई र प्रतिसन्धि कर्मजरूप, प्रवृत्ति कर्मजरूप, असंज्ञासत्व कर्मजरूपलाई नानाक्षणिक कर्म शक्तिद्वारा उपकार

चेतना सम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं कम्मपच्चयेन पच्चयो ।

चेतनाले सम्प्रयुक्त भैरहेको चित्त ८९ वटा चेतनाबाट अलग्ग भएको चैतसिक ५१ वटा धर्मलाई र त्यो चेतनासंग मिलिरहेको चित्त चैतसिक नै उत्पत्ति-कारण भैरहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात-कर्म शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१४) विपाकपच्चयो ति-

विपाका चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञ विपाकपच्चयेन पच्चयो ।

विपाक-प्रत्यय भनेको-

(प्रथम जवनबाट अलग्ग भएको क्रिया जवनबाट २१ वटा भनेको- यसमा पनि माथि जस्तै नै जान्नु पर्‍यो ।)

(अन्तिम जवनबाट अलग्ग भएको क्रिया जवन १८ वटा भनेको- हसितुप्पाद १ वटा, महाक्रिया ८ वटा, महर्गत क्रिया ९ वटा अरू माथि लेखिएजस्तै हो ।)

विपाक भैरहेको चारवटा नाम-स्कन्धले परस्पर लाई वा एकले अर्कोलाई विपाक-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१५) आहार पच्चयो ति-

कवलीकारो आहारो इमस्स कायस्स आहारपच्चयेन पच्चयो ।

आहार-प्रत्यय भनेको-

गांस गांस गर्न नजाने पनि गर्न जानेजस्तो आहारले यस्तो स्वभाव भएको समान कलाप भएको र भिन्न कलाप भैरहेको चतुसमुट्ठानिक कायलाई रूप-आहार शक्तिद्वारा गर्ने हुन्छ ।

अरूपिनो आहारो सम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं आहारपच्चयेन पच्चयो ।

नाम भैरहेको स्पर्श, चेतना, विज्ञान भनिएको आहारले सम्प्रयुक्त भैरहेको चित्त ८९ वटा, चैतसिक ५२ वटा र त्यो आहार - आहारसंग मिलिरहेको चित्त चैतसिक नै उत्पत्ति-कारण भैरहेको चित्तजरूप-प्रतिसन्धि कर्मजरूपलाई सहजात-कर्म शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१६) इन्द्रियपच्चयो ति-

चक्खुन्द्रिय चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

चतुसमुट्ठानिक भनेको-

कर्म, चित्त, ऋतु, आहार, यी चारकारणले उत्पत्ति भएर आउने रूप समूहलाई भनिन्छ ।।उपकार गर्ने हुन्छ ।

इन्द्रिय-प्रत्यय भनेको-

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको चक्षु-इन्द्रियले चक्षुविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई वस्तु-पुरेजात-इन्द्रिय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सोतिन्द्रिय सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको श्रोत-इन्द्रियले श्रोतविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई वस्तु-पुरेजात-इन्द्रिय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

घानिन्द्रिय घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको घ्राण-इन्द्रियले घ्राणविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई वस्तु-पुरेजात-इन्द्रिय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

जिह्विन्द्रिय जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको जिह्वा-इन्द्रियले जिह्वाविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई वस्तु-पुरेजात-इन्द्रिय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

कायिन्द्रिय कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको काय-इन्द्रियले कायविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त

भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई वस्तु-पुरेजात-इन्द्रिय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रूपजीवितिन्द्रिय कटत्तारूपानं इन्द्रियपच्चयेन पच्चयो ।

रूपजीवितेन्द्रियले आफु अलग्ग भएको समान कलाप भएको कर्मजरूप ९ वटालाई रूपजीवितेन्द्रिय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

अरूपिनो इन्दिया सम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं इन्द्रियपच्चयेन पच्चयो ।

नाम भैरहेको इन्द्रियले सम्प्रयुक्त भैरहेको चित्त ८९ वटा, चैतसिक ५२ वटा धर्मलाई र त्यो इन्द्रिय - इन्द्रियसंग मिलिरहेको चित्त चैतसिक नै उत्पत्ति-कारण भैरहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात--इन्द्रिय-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१७) झानपच्चयो ति-

झानङ्गानि झानसम्पयुत्तकानं धम्मानं तं समुटठानञ्च रूपानं झानपच्चयेन पच्चयो ।

झान (ध्यान)-प्रत्यय भनेको-

ध्यान अंगहरूले ध्यानसंग सम्प्रयुक्त भैरहेको द्विपञ्चविज्ञान १० वटाबाट अलग्ग भएको चित्त ७९ वटा, चैतसिक ५२ वटालाई र त्यो ध्यानाङ्ग ध्यानाङ्गसंग मिलिरहेको चित्त चैतसिक नै उत्पत्ति-कारण भैरहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई ध्यान-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१८) मग्गपच्चयो ति-

मग्गङ्गानि मग्गसम्पयुत्तकानं धम्मानं तं समुट्ठाना-

नञ्च रूपानं मग्गपच्चयेन पच्चयो ।

मार्ग-प्रत्यय भनेको-

मार्गाङ्गहरूले मार्गसंग सम्प्रयुक्त भैरहेको सहेतुक चित्त ७१ वटा, चैतसिक ५२ वटा धर्मलाई र त्यस मार्गाङ्गसंग मिलिरहेको चित्त चैतसिक नै उत्पत्ति कारण भैरहेको सहेतुक चित्तजरूप, सहेतुक प्रतिसन्धि कर्मजरूपलाई मार्ग-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

१९) सम्पयुत्तपच्चयो ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञ सम्पयुत्तपच्चयेन पच्चयो ।

सम्प्रयुक्त-प्रत्यय भनेको-

नाम भैरहेको चारवटा स्कन्धहरूले परस्परलाई सम्प्रयुक्त-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

२०) विप्पयुत्तपच्चयो ति-

रूपिनो धम्मा अरूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

विप्रयुक्त-प्रत्यय भनेको-

रूप भैरहेको छ:वटा वस्तु धर्मले नाम भैरहेको अरूपविपाक चारवटाबाट अलग्ग भएको सात विज्ञानधातुलाई सहजात-विप्रयुक्त, पुरेजात-विप्रयुक्त शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

अरूपिनो धम्मा रूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

नाम भैरहेको अरूपविपाक चारवटाबाट अलग्ग भएको चित्त ८५ वटा, चैतसिक ५२ वटा नामस्कन्ध धर्मले

रूप भैरहेको चतुसमुट्ठानिक रूप धर्मलाई सहजात-विप्रयुक्त, पश्चात्ज़ात-विप्रयुक्त शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

२१) अत्थिपच्चयो ति-

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञ अत्थिपच्चयेन पच्चयो ।

अस्ति-प्रत्यय भनेको-

चारवटा नाम भैरहेको स्कन्धहरूले परस्परलाई वा एकले अर्कोलाई सहजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चत्तारो महाभूता अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चारवटा महाभूतले परस्परलाई सहजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

ओक्कन्तिक्खणे नामरूप अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

पञ्चवोकार प्रतिसन्धि क्षणमा पञ्चवोकार प्रतिसन्धि नामस्कन्ध, हृदयवस्तुले परस्परलाई सहजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अत्थिपच्चयेन पच्चयो ।

चित्त चैतसिक भैरहेको अरूपविपाक ४ वटा, द्विपञ्चविज्ञान १० वटा, अर्हतहरूको च्युतिचित्तबाट अलग्ग भएको चित्त ७५ वटा, चैतसिक ५२ वटा नामस्कन्धले चित्तमा नै उत्पत्ति कारण भैरहेको चित्तजरूपलाई वा चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात-अस्ति-प्रत्यय शक्ति द्वारा उपकार गर्ने हुन्छ ।

महाभूता उपादारूपानं अत्थिपच्चयेन पच्चयो ।

महाभूतले उपादारूपलाई सहजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको चक्षु-आयतनले चक्षुविज्ञानधातुलाई र त्यो संग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सोतायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको श्रोत-आयतनले श्रोतविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

घानायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको घ्राण-आयतनले घ्राणविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

जिह्वायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको जिह्वा-आयतनले जिह्वाविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

कायायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च

धम्मानं अत्थिपच्चयेन पच्चयो ।

मध्यमायुक भएर अतीत भवांगसंग एकैचोटि उत्पत्ति भएको काय-आयतनले कायविज्ञानधातुलाई र त्योसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

वर्तमान रूपारम्मणले चक्षुविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

सद्दायतनं सोतविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

वर्तमान शब्दारम्मणले श्रोतविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

गन्धायतनं घानविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

वर्तमान गन्धारम्मणले घ्राणविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रसायतनं जिह्वाविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

वर्तमान रसारम्मणले जिह्वाविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

वर्तमान प्रष्टव्यारम्मणले कायविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको सर्वचित्तसाधारण चैतसिक सातवटा धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

वर्तमान रूपारम्मणले, शब्दारम्मणले, गन्धारम्मणले, रसारम्मणले, प्रष्टव्यारम्मणले मनोधातु तीनवटालाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको छन्द, प्रीति, वीर्यबाट अलग्ग भएको अन्यसमान चैतसिक १० वटा धर्मलाई आरम्मण पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति । तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

जुन हृदयवस्तु रूपलाई आधार लिएर मनोधातु र अरूपविपाक चारवटावाट अलग्ग भएको मनोविज्ञानधातु ७२ वटा, यी मनोधातु, मनोधातु र मनोविज्ञान धातुहरू छन् । त्यस हृदयवस्तुले मनोधातु मनोविज्ञानधातुलाई र त्यो धातुसंग सम्प्रयुक्त भैरहेको चैतसिक धर्मलाई पुरेजात-अस्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

२२) नत्थिपच्चयो ति-

समनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा पदुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।

नास्ति प्रत्यय भनेको-

आफ्नो अनन्तरमा राम्रोसंग निरोध भैसकेको चित्त चैतसिक भैरहेको अरहन्तहरूको च्युतिबाट अलग्ग भएको

चित्त ८९ वटा, चैतसिक ५२ वटा नामस्कन्ध धर्मले आफुसंग संगै एकैचोटि उत्पन्न हुने चित्त चैतसिक भैरहेको अरहन्तहरूको च्युतियुक्त भएको चित्त ८९ वटा, चैतसिक ५२ वटा नामस्कन्ध धर्मलाई नास्ति-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

२३) विगतपच्चयो ति-

समनन्तरविगता चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।

विगत-प्रत्यय भनेको-

राम्रोसंग आफ्नो अनन्तरमा अलग्ग भैरहेको चित्त चैतसिक भैरहेको अरहन्तहरूको च्युतिबाट अलग्ग भएको चित्त ८९ वटा, चैतसिक ५२ वटा नामस्कन्ध धर्मले आफुसंग एकैचोटि उत्पन्न हुने चित्त चैतसिक भैरहेको अरहन्तहरूको च्युतिले सहित भएको चित्त ८९ वटा, चैतसिक ५२ वटा नामस्कन्ध धर्मलाई विगत-प्रत्यय शक्तिद्वारा उपकार गर्ने हुन्छ ।

---

२४) अविगतपच्चयो ति-

अविगत-प्रत्यय भनेको- (यो प्रत्यय पालि र अर्थ सवै अत्थिपच्चयो (अस्ति- प्रत्यय) जस्तै हो । पालिमा अत्थिपच्चयो

अरहन्तहरूकोच्युति चित्तबाट अलग्ग भएको चित्त ८९ वटा भनेको:(

यसमा अरहन्त च्युति चित्त अलग्ग राखेपनि च्युति चित्तको रूपमा अरूअरूको चित्त भैरहेको हुनाले स्वरूप संख्या घट्ने हुदैन । नघट्ने हुन्छ) ।

भन्ने ठाउँमाअविगतपच्चयो भन्ने र अर्थमा अस्ति-प्रत्यय शक्तिद्वारा .....आदि भन्ने ठाउँमा अविगत-प्रत्यय शक्तिद्वारा आदि भन्ने मात्र फरक छ । तसर्थ यहाँ फेरि उल्लेख गर्नुपर्ने आवश्यक नठानेको हो । विज्ञहरूले स्वयं सजिलैसंग सम्झेर लिन सकिन्छ ॥

भवतु सब्ब मंगलं
सबैलाई कल्याण हवोस्

==============

२०५३।८।२९गते मार्गशुक्ल चौठीका दिन अनुवाद टुंग्याएको ।

अनुवादक: धर्मरत्न शाक्य "त्रिशुली"
नयाँ वानेश्वर शंखमोल चोक
काठमाडौं

২৫৬৩
৩৭ ৫৫৫৭

धर्मरत्न शाक्य "त्रिशुली" को अन्य प्रकाशित पुस्तकहरु:-

नेपाल भाषा

१. बुद्धोपदेशित सार संग्रह,
२. चैत्य वन्दना,
३. खुद्दक पाठ अर्थ सहित,
४. चरिया पिटक,
५. अंगुलिमाल व वया पूर्वकथा,
६. उदान,
७. विपश्यना ध्यान निर्देश, (पद्य)
८. धात्येंगु बुद्ध वन्दना,
९. झीगु बाजा झीगु संस्कृति (ग्वारा संग्रह)
१०. नमक्कार गाथा,
११. श्रामणेर विजय,
१२. माँ बौया सेवा,
१३. देवधम्म जातक (निको),
१४. सुत्तनिपात पारायण वर्ग,
१५. विश्वन्तर नातक,
१६. प्रचलित दान गाथा (निको),
१७. हिरण्यवर्ण महाविहार संक्षिप्त परिचय,
१८. स्वस्तिवाक्य व मङ्गलाष्टक,
१९. असारपुन्ही छगू लुमन्ति,
२०. सतिपट्ठान अन्तरमुखी ध्यान
२१. झीगु भाषा शास्त्रीय संगीत,
२२. बौद्ध दर्शनया विकास,
२३. कर्म व उकिया विपाक,
२४. **Golden Tempel** (क्वा:वहा),
२५. माध्यममार्ग र सतिपट्ठान देशना,
२६. उपासक परिहानी तथा सद्धर्म चिरस्थायी
मज्वीगु कारण
२७. स्वाक्खात गुण धर्म देशना,
२८. चतुरारक्ख भावना,
२९. शील समाधि प्रज्ञाया सारांश,
३०. झीगु बाजा झीगु संस्कृति निगूगु भाग-
(राग, धा:, खिं, नाय्खिं, दमः खिंया न्हेगू ताल)
३१. धम्मुद्देस देशना

नेपाली भाषा

१ परित्राण अर्थ सहित
२. छछक्क सूत्र
३. ती सूत्र
४. बुद्धशासनको इतिहास
५. त्रिशुली बजारको सं. परिचय
६. गार्हस्थ धर्म
७. विश्वन्तर जातक
८. परित्राण पाँचौं संस्करण
९. ज्ञानमाला भजन संग्रह
१०. विपश्यना ध्यान निर्देश पद्य
११. अंगुलिमाल पूर्णाङ्की नाटक
१२. उदान
१३. मङ्गल र पराभव
१४. स्तुति तथा भजन संग्रह
१५. आमा बाबुको सेवा
१६. बौद्ध संस्कार पद्धति
१७. त्रिरत्न वन्दना
१८. शाक्यराजधानी कपिलवस्तु
१९. धर्मचक्र सूत्र अर्थ सहित
२०. जातक माला
२१. परित्राण सातौं संस्करण-
(शब्दार्थ सहित)
२२. विश्वमा बुद्धधर्म
२३. [illegible]य उद्देस निद्देस प[illegible]
([illegible] हातमा)